स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्या:-०८२/८३
सूचना नम्बर:-६२

वि.सं: २०८३ वैशाख ८ गते मंगलबार,
नेपाल संवत: ११४६ वछलाथ्व पञ्चमी - ५

**श्री निजी क्षेत्र/रोजगारदाता सबै,**
**श्री रोजगार एजेन्सी (Job Link Centre) सबै,**
**श्री तालिम प्रदायक संस्था सबै।**

**विषय: श्रम संसार (Shramsansar) प्रणालीमा आबद्ध हुने सम्बन्धी सूचना।**

उपरोक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा श्रम तथा रोजगार सम्बन्धी सेवाहरू एकीकृत रूपमा प्रवाह गर्ने उद्देश्यले श्रम संसार प्रणाली सुचारु भएको हुँदा मायादेवी गाउँपालिका क्षेत्रभित्रका निजी क्षेत्र/रोजगारदाता, रोजगार एजेन्सी (Job Link Centre), तालिम प्रदायक संस्थाहरूले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र **श्रम संसार प्रणालीमा आबद्ध भई श्रम तथा रोजगार सम्बन्धी सूचनाहरू, रोजगारी तथा तालिमका अवसरहरू श्रम संसार प्रणाली मार्फत अनिवार्य प्रकाशन गर्ने** व्यवस्था मिलाउनुहुन तथा सोको जानकारी मायादेवी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

श्रम संसार प्रणालीमा आबद्ध हुन यस पालिकाको वेबसाइट https://mayadevimunrupandehi.gov.np/ मा श्रम संसारको Hyperlink राखिएको तथा श्रम संसारको वेबसाइट **https://shramsansar.gov.np/** वा मोबाइलमा **Play Store/App Store** मार्फत डाउनलोड गर्न सकिनेछ।

थप जानकारीका लागि यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।
रोजगार संयोजक सोचना लम्साल, सम्पर्क नं. ९८४७२६७२३९
रोजगार सहायक शेषमन मुराउ, सम्पर्क नं. ९८६७३२५९४५

...................
पम्फा पन्थ
**प्रशासकीय अधिकृत**
प्रशासकीय अधिकृत